बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

१ नं. प्रदेश

मितिः २०७९।०६।०४

**मेकानिकल ईन्जिनियर सेवा खरिद सम्बन्धि सूचना**

आ.व. २०७९/८० का लागि बेलबारी नगरपालिका र यसका सेवा ईकाइहरूमा रहेका सार्वजनिक सवारी साधन एवं सार्वजनिक कार्यमा प्रयोग गरिएका नीजि सवारीसाधनहरू, नगरपालिबाट खरिद तथा मर्मत गर्ने यन्त्र, उपकरण लगायतका स्पेसिफिकेसन, लागत अनुमान र मूल्याङ्कन गर्ने प्रयोजनका लागि मेकानिकल ईन्जिनियर सेवा खरिद गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक व्यक्तिले देहाय बमोजिम प्रस्ताव पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| क्र.स. | प्रस्ताव नं. | संख्या | परामर्शदाताको पद | न्यूनतम शैक्षिक योग्यता | दस्तुर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/७९/८० | १ | मेकानिकल ईन्जिनियर | मेकानिकल विषयमा वि.ई. उत्तिर्ण | ५००/- अक्षरेपी पाँच सय रूपैया मात्र । | सार्वजनिक खरिद नियमावली २०६४ को नियम |

**पेश गर्नुपर्ने कागजातहरु**

१. अनुसूची -१ बमोजिमको आर्थिक प्रस्ताव,
२. न्यूनतम शैक्षिक योग्यताको प्रमात्रणपत्र,
३. विदेशी वोर्डबाट उत्तिर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको भए समकक्षता निर्धारण गरेको प्रमाणपत्र,
४. कार्य अनुभव भए सोको प्रमाणपत्र ।
५. दस्तुर रकम तीरेको रसिद ।

**प्रस्ताव मूल्याङ्कनका आधारहरू**

१. न्यूनतम रकम कबोल गर्ने सारभुतरुपमा प्रभावग्राही,

**शर्तहरु**

१. कार्य गर्नुपर्ने अवधीः सम्झौता मिति देखि २०८० असाढ मसान्त सम्म ।
२. प्रस्ताब खरिद तथा पेश गर्ने अन्तिम मितिः २०७९।०६।१० गते १२ बजे सम्म खरिद गर्न सकिने र २०७९।०६।१० गते दिनको २:०० बजे सम्म अनिवार्य रुपमा कार्यालयमा प्रस्ताव पेश गरिसक्नुपर्नेछ । समय नाघिसके पश्चात कुनै पनि अवस्थामा प्रस्ताव पेश गर्न सकिने छैन वा बुझिने छैन ।
३. प्रस्ताब अनिवार्य रूपमा खरिद ईकाइ तथा जिन्सी व्यवस्थापन उपशाखामा दाखिला गर्नुपर्नेछ र दाखिला गरे पश्चात दाखिला गरेको प्रमाण बुझ्नुहुन समेत जानकारी गराईन्छ ।
४. प्रस्ताब पेश गर्दा अनिवार्य रुपमा पेश गर्नुपर्ने काजगातहरू संलग्न राखि अनिवार्य रुपमा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
५. कार्यालयले रकम भुक्तानी गर्दा नियमानुसार करकट्टी गरी भुक्तानी गर्नेछ।

**कार्यविवरणः**

१. नगरपालिकामा साविकमा भएका वा नगरपालिकाले खरिद गर्ने वा मर्मत गर्ने मेसिन / यन्त्र/ उपकरण लगायतका सम्पूर्ण मेकानिकल सामाग्रीहरूको स्पेसिफिकेसन तयार गर्ने, लागत अनुमान तयार गर्ने प्राविधिक मूल्याङ्कन गर्ने लगायतका यसै प्रकृतीका काम गर्नुपर्नेछ ।
२. नगरपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

१ नं. प्रदेश, नेपाल

मेकानिकल ईन्जिनियर परामर्श सेवा खरिदका लागि कार्य क्षेत्रगत शर्त (ToR)

| क्र.स. | गर्नुपर्ने कार्यको नाम | कार्य विस्तृत विवरण | गर्नुपर्ने पर्ने काम | कैफियत |
|---|---|---|---|---|
| १. | चार चक्के वा सो भन्दा बढी चक्के गाडी मर्मत | • वार्षिक रूपमा घटिमा तीन पटक मर्मत गर्नुपर्ने ।<br>• नियमित सर्भिसिङ गर्न / गराउन चेक जाँच गर्ने | १. स्पेसिफिकेसन तयार गर्ने<br>२. लागत अनुमान तयार गर्ने<br>३. लागत अनुमान स्वीकृतिका लागि पेस गर्ने<br>४. मर्मत ग्यारेजमा सुपरिवेक्षण र निरीक्षण गर्ने<br>५. स्पेसिफिकेसन र लागत अनुमान बमोजिम कार्यसम्पन्न भए / नभएको प्रतिवेदन गर्ने ।<br>६. मर्मत सम्भारका लागि दीगो व्यवस्थापकिय कार्यहरूको सुझाव दिने । | |
| २. | दुई चक्के मोटरसाईकल | • घटीमा ७० थान मोटरसाईकलको मर्मत | | कार्यलयको प्रयोजनमा सञ्चालनहुने सार्वजनिक तथा कर्मचारीहरूको मोटरसाईकल |
| ३. | नयाँ मेसिन औजार खरिद | • कृषि सम्बन्धि सामाग्री<br>• पूर्वाधार सामाग्री परीक्षण ल्याबहरू | | |
| ४. | कोल्ड स्टोरका मेसिनरी औजारहरूको परीक्षण | • ठेकेदारले प्रदान गरेको नमुना परीक्षण, अनुमती, सामान प्राप्त भएपछी जडानका लागि परामर्श र प्रमाणिकरण | | |